# शुद्धोधन गाँउपालिका, रुपन्देही

**आ.व. २०८१।०८२ को नीति तथा कार्यक्रमको तयारीका लागि मिति २०८१।०२।२९ गते आयोजित राय तथा सुझाव संकलन सम्बन्धी अन्तरक्रिया कार्यक्रममा प्राप्त भएका राय सुझावहरूः**

## १. नन्दलाल पौडयाल, वडा नं. ३

- किसानलाई मल तथा विउको राम्रो व्यवस्था मिलाउने
- बेमौसमी तरकारी खेतीको लागि ब्यवस्थित गर्ने

## २. रुकमागत खनाल, नेकपा माओवादी केन्द्र

<u>सामाजिक विकास सम्बन्धी</u>

**क) शिक्षातर्फ**

१) शुद्धोधन पालिका भित्रका सामुदायिक तथा सस्थागत बिद्यालयका र बिद्यार्थीहरूको तथ्याङ्क सार्वजनिक गर्नुपर्ने।

२) सामुदायिक तथा सस्थागत बिद्यालय मा शैक्षिक सुधार कार्यक्रम अन्तरगतको बिद्यार्थी अनुपातमा शौचालय, खानेपानी, कक्षा कोठा तथा बस्ने डेक्स बेञ्चको सुबिधा निर्माण गरी बालमैत्री कार्यक्रम लागू गर्ने ।

३) एक बिद्यालय एक स्वास्थ्य स्वयंसेवक स्वास्थ्य हेल्प डेक्स सञ्चालन गर्ने ।

४) राज्य पुर्नःसंरचना को क्रममा सहिद परिवार, घाइते अपाङ्ग र द्वन्द्व पिडित परिवारलाई पुर्ण निःशुल्क शिक्षा प्रदान गर्ने नीति तथा कार्यक्रम ल्याउने ।

५) शैक्षिक सुधार कार्यक्रम अन्तरगत कम्तिमा २\२ बर्षमा पालिकाभित्रैका बिद्यालयमा शिक्षक सरूवाको कार्यक्रम लागू गर्ने ।

६) सामुदायिक तथा संस्थागत बिद्यालय मा दिईने छात्रावृत्तिको तथ्याङ्क राखी सार्वजनिक कार्यक्रम ल्याउने ।

७) बिद्यालय परिसरलाई सफा, हरियाली, शान्तिपूर्ण बातावरण निर्माण कार्यक्रम लागू गर्ने ।

८) सेवाकालीन शिक्षकहरूलाई पुर्नताजगी तालिम दिई सो को अनुगमन गर्ने ब्यवस्था गर्नुपर्ने ।

९) बिद्यार्थी एवंम अभिभावकहरूलाई शैक्षिक उत्प्रेरणा तालिम अनिवार्य प्रदान गर्ने ।

१०) सामुदायिक तथा संस्थागत बिद्यालयमा अध्यन हुने पाठ्यपुस्तक एउटै प्रकाशनको हुनुपर्ने ब्यवस्था लागू गर्ने ।

११) बिद्यालय परिसर ५०० मिटर वरपर सुर्तिजन्य, मदिराजन्य र शिक्षा नीति अन्तर्गत निषेध गरेको सामाग्री बिक्री बितरणमा रोक लगाउने ।

ख) स्वास्थ्यतर्फ

१) गाउँपालिकामा रहेका स्वास्थ्य केन्द्रहरूमध्येबाट एकलाई छनौट गरि पालिकास्तरीय अस्पताल निर्माण गरि स्वास्थ्य सम्बन्धी सबै सेवा प्रदान गर्ने नीति निर्माण गरि अगाडि बढ्ने ।

२) पालिकामा निःशुल्क एम्बुलेन्स सेवा सुचारू गर्ने ।

३) स्वास्थ्य बिमालाई जनजनसम्म पुर्‍याई लागू गर्न पुर्ण निःशुल्क गर्ने ।

४) स्वास्थ्य केन्द्र तथा स्वास्थ्य संस्थाबाट जनताले पाउने सेवाको बारेमा बडापत्र, सञ्चार माध्यम तथा स्वयमसेवक मार्फत जानकारी पत्र (पम्प्लेट)घर घरसम्म पुराई जानकारी गराउने ।

५) पालिकामा सञ्चालनमा रहेका सामुदायिक,निजी स्वास्थ्य संस्थाहरू एवम् फार्मेसीहरूको तथ्याङ्क राखी ब्यापक निरीक्षण मापदण्ड बनाई सञ्चालन गर्ने नीति नियम कार्यान्वयन गर्ने कार्यबिधि निर्माण गर्ने ।

६) स्वास्थ्य संस्थाबाट निस्कने वस्तु या फोहोर अतीनै सम्बेदनशील हुने हुँदा यसलाई छुट्टै उचित ब्यवस्थापन गर्नुपर्ने ।

ग) वातावरण तथा बिपद व्यवस्थापनतर्फ

१) खोला नाला एवम् खाली जमिनमा बृक्षारोपण गर्ने ।

२) स्थानीय सरकार र खानेपानी संस्थासँग समन्वय गरि खानेपानी बिस्तार भएका बजार क्षेत्र गाउँ बस्ति क्षेत्र र अतीनै सम्बेदनशील क्षेत्र मा जक्सन (हाईडेन्ट) निर्माण गरि कार्यान्वयन गर्ने, आगजनी तथा बिपद मा प्रयोग गर्ने नीति निर्माण गर्ने ।

३) नदिजन्य तथा भुउत्खननलाई मापदण्ड अनुसार अगाडि बढाउने नीति निर्माण गर्ने ।

४) पालिकामा सञ्चालित हरेक खानेपानी संस्थालाई स्थानीय सरकार मातहतमा ल्याई सर्वसाधारणलाई शुद्ध सफा पिउने पानी उपलब्ध बनाउन चोक चोक, गाउँ बस्तिमा सार्वजनिक धारा निर्माण गर्ने नीति निर्माण गर्ने ।

५) खानेपानीमा लिईदै आएको न्यूनतम महसुल १०,००० लि.सम्मको सिमालाई बढाएर २०,००० लि.सम्म बनाउनु पर्ने ।

६) सार्वजनिक शौचालय र संस्थागत शौचालय निर्माणसहित तथ्याङ्क सार्वजनिक हुनुपर्ने ।

आर्थिक विकास सम्बन्धी

क) कृषितर्फ

१) पेशागत रूपमा कृषि क्षेत्रमा लाग्ने किसानको तथ्याङ्कसहित अभिलेख निर्माण गर्नुपर्ने ।

२) कृषि विभागमा कृषकले पाउने सुविधालाई बडापत्र मा उल्लेख गर्ने ।

३) हरेक किसानलाई उत्पादनका आधारमा अनुदान दिने ब्यवस्था गर्ने ।

४) नेपाल सरकार र स्थानीय सरकारको समन्वयमा प्रर्याप्त मलखादमा पहिलो प्राथमिकतामा जोड दिई कृषकलाई सुबिधा दिने ।

५) कृषिका लागि आधारभूत सिचाईका स्रोतहरूको ब्यवस्थापन मिलाउनेः

- शुद्धोधन अन्तर्गतका क्षेत्र वाड, टोलमा कुलो निर्माण गर्ने एवम् बुटवल ११ मौजा अन्तर्गत कुलाईमा माथि लिईने पानी करको रकमको ब्यवस्थापन गरि किसानलाई सुबिधा दिने।
- सबै भै.ला.भु.ज. नहरको संरक्षण गर्नुपर्ने ।
- बोरिङ्गमा लाग्ने डिमान चार्ज र अपरेटरको ब्यवस्थालाई जोड दिने।

६) पालिकामा उत्पादित बस्तुलाई भण्डारण र वितरणका लागि भण्डार कक्ष निर्माण गर्ने ।

७) गाउँपालिकाभित्रै उत्पादन भएका बस्तुको स्थानीय बजारमा पहिलो प्रथमिकता प्रदान गर्ने साथै स्थानीय बजारमा बिक्री बितरण गर्ने निःशुल्क ठाँउ उपलब्ध गराउने कार्यक्रम ल्याउने ।

८) कृषि उपज संकलन केन्द्र फर्साटिकरलाई सञ्चालनमा ल्याउने ।

ख) पशुपालनतर्फ

१) पालिकामा पशुपालन किसानको तथ्याङ्क सहित अभिलेख निर्माण गर्ने ।

२) उत्पादनका आधारमा सबैलाई अनुदान दिने ।

३) गा.पा.का हरेक पशुपालन कृषकका गोठ गोठमै गई महिनाको २\२ पटक स्वास्थ्य परीक्षण र परामर्श दिने ब्यवस्था गर्ने ।

४) कृतिम गर्भधारण (ए.आई.) निःशुल्क ब्यबस्था गर्ने ।

५) पशु एवम् बालीमा बिमा ब्यवस्थापन गर्ने नीति निर्माण गर्ने ।

ग) भौतिक पूर्वाधारतर्फ

१) वडा कार्यालय र पालिका कार्यालयमा योजना बैंक निर्माण गरि अगाडि बढ्ने ।

२) जनयुद्ध, जनआन्दोलन र मधेस आन्दोलनका क्रममा सहादत परिवार सहिद परिवार, घाईते अपाङ्ग परिवार, बेपत्ता परिवार, द्वन्द्व पिडित परिवारलाई उचित सम्मान तथा उनीहरूलाई शिक्षा, स्वास्थ्य, र रोजगारी लगायत आधारभूत आवश्यकताको पूर्ण ब्यवस्था गर्ने नीति निर्माण गर्ने ।

३) प्रत्येक वार्ड तथा पालिका कार्यलय साथै बजार क्षेत्रमा फ्रि इन्टरनेट सेवा प्रदान गरि अगाडि बढाउने ।

## ३) बोधलाल शर्मा, वडा नं. ७ नागेश्वर टोल बिकास संस्थाको अध्यक्ष

१. केदालिदेवी कलेया नागेश्वरदेवी कोलुवा जाने बाटोको पुल नभएको ।
२. ७ वटै वडामा भ्रमणको उपलब्धी के छ? १०-५ बजे सम्मको मिटिङ्ग बैठकको भत्ता कर्मचारीहरूले नलिने ब्यस्था गराउने ।
३. एम्बुलेन्स निशुल्क संचालन गरोस्। ६-७ को वडाको एम्बुलेन्स पालिका भित्र राख्ने ।
४. सियाभार प्रयटकीय क्षेत्रको पहल गरियोस ।
५. सिलाई कटाईबाट के कति प्रगति भयो कति जनाले रोजगार पायो ?
६. ६-७ खानेपानीमा पालिकाले बजेट ब्यस्थापन गर्ने ।

## ४. जय प्रकाश शर्मा, ४ नं. वडा

१. कृषि क्षेत्रमा पुरानो शौली भएकाले विभिन्न तालिमको आवश्यक्ता छ ।
२. पशुमा बिमा, उत्पादनशीलता अनुदान प्रदान गर्ने ।
३. भै.लु.भु.ज.ले बनाएको नहर पुरानो रहेको छ ।

## ५. निर बहादुर राना, वडा नं. ३ (अन्नपूर्ण बिउ उत्पादन कृषक समूह)

१. कम्तिमा चैत्र मसान्तभित्र सम्पन्न हुने गरि कार्यक्रम ल्याउने ।
२. जन श्रमदानमा फर्जिको बिल पेश भैरहेको छ । कोही श्रम गर्न इच्छुक नरहेको उपभोक्ता समितिको गुनासो छ । कृषि संकलन केन्द्र वेवारिसे भएको छ ।
३. शिक्षामा प्राथामिकता दिनुपर्ने तथा उत्पादनको आधारमा अनुदान प्रदान गर्ने ।
४. निजी विद्यालय र सरकारी विद्यालय बिच नीति एउटै बनाएर लौजाने तथा विद्यालयमा लेखा राख्ने राम्रो ब्यवस्था गरियोस ।

६. कृष्ण प्रसाद काफ्ले

१. सडक गुरु योजना अनुसार बस्तिमा नाली र पेटिसहितको मार्ग बनाउने तथा सडक मर्मत एवम् CCTV जडान गर्ने ।

२. ब्यवसायमा दोहोरोपना हटाई दुग्ध ब्यवसायीलाई उत्प्रेरित गर्ने नीति हुनुपर्‍यो ।

३. कृषि मल बिउ सम्पूर्णमा वितरण गर्ने तथा कृषि ट्याक्टरमा एकरुपता हुनुपर्ने ।

४. गुणस्तर मापन गरि ब्यवस्था मिलाउन माग ।

५. बालमैत्री कक्षा प्रत्येक टोलमा सेवा शुल्क निशुल्क गर्ने माग ।

६. छाडा चौपाया नियन्त्रण गर्नुपर्ने र उज्यालो टोल बनाउने।

७. सियाभार दरबाह मन्दिरलाई पर्यटकीय बनाउनुपर्ने ।

८. बिपन्न वर्गलाई खानेपानीमा ५०% शुल्क कम गर्ने माग ।

७. बिष्णु प्रसाद ज्ञवाली, मानपकडी ब्यापार संघ अध्यक्ष

१. सबै चोक तथा बजारमा सि.सि.टि.भि क्यामेरा जडना गर्ने ।

२. मानपकडीमा सार्वजनिक शौचालय तथा बजार क्षेत्र (साप्ताहिक) मा नाली व्यवस्था गर्ने ।

३. यात्रुलाई विश्राम स्थल निर्माण गरने तथा कर सम्बन्धी ज्ञानको तालिम दिने ।

४. पार्क अगाडिको जग्गामा सटरहरू निर्माण गर्ने ।

८. शोभाकुमारी आले

१. हाटबजार व्यवस्थापनमा ध्यान दिने र व्यवसायीलाई उत्प्रेरित गराउने नीति बनाउने ।

२. व्यपारीलाई घरभाडामा छुट बनाउने तथा बजेट समानुपातिक होस् ।

९. सागर थारु

१. माछा पालन कृषकहरूलाई प्रोत्साहन तथा अन्य सामाग्री र औषधीहरूमा सहयोग गर्ने ।

१० ऋषिराम वस्याल

१. सामुदायिक र संस्थागत विद्यालयहरूमा एकरुपता हुनुपर्ने र शैक्षिक क्रियाकलापहरू प्रसस्तै राखिनु पर्ने ।

२. केवलपुरभित्र गाउँबाट जाने बाटो राम्रो नभएको ।

११. राजन चौधरी

१. स्थानीय मिडियाहरूलाई प्रोत्साहन दिनु पर्‍यो ।

१२. मान बहादुर भट्ट

१. खेलाडीहरूलाई प्रोत्साहन तथा सहजिकरण, राष्ट्रिय खेलाडीहरूलाई सम्मान तथा बजेट व्यवस्थापन गर्ने ।

१३. खिमानन्द भुषाल

१. वडागत शैक्षिक विकास र भौतिक पूर्वाधारमा पुर्णता, विद्यालय शिक्षकको नीति अनुसार अनुपात मिलाउने तथा पालिकास्तरीय दरवन्दी मिलान गर्ने ।

२. विद्यालय व्यवस्थापन तथा विद्यालय विकास शिक्षक अभिभावक संघमा निर्वाचन हटाएर छनौट गराउने र शिक्षक अभावलाई परिपूर्ति गर्ने ।

३. सहि ठाउँमा सहि व्यक्तिलाई राख्नेतर्फ नीतिगत व्यवस्था बनाउने।

४. पालिका गौरवको योजना छनौट गरी आवश्यकता अनुसार बजेट विनियोजन गर्ने ।

१४. ईन्द्र बहादुर क्षेत्री

१. यहाँका विद्यार्थी अन्यत्र नजाने वातारण सृजना गर्ने ।

१५ पूर्ण गिरी

१. पुरानो सभाहल व्यवस्थापन गर्ने र छाडा चौपाया व्यवस्थापन राम्रो गर्ने ।

२. किसानको निरीक्षण गरेर प्रत्यक्ष रुपमा लाभ पुग्ने गरी सेवा सुविधा उपलब्ध गराउने ।

१६ लालमणि श्रेष्ठ, सौं-फर्साटिकर व्यापार संघ अध्यक्ष

१. व्यवसायिक करको दरलाई कम गर्ने र सब्जी पसल राख्नेहरूलाई पालिकाले सहयोग गर्ने ।

२. लुम्बिनी-मानपकडी-फर्साटिकर-बुटवल हुँदै बस संचालन गर्ने।

१७ सृजना चौधरी

१. छात्रावृति वितरण अन्य पालिकामा अध्ययनको लागि गएकोलाई नदिईएको।

२. शिक्षा  शाखामा काम समयमा हुनुपर्ने ।

## १८. सुनिता हरिजन

१. युवाहरूलाई लागुपदार्थ दुर्व्यसनी विरुद्ध कार्यक्रम संचालन गर्ने ।

२. वडा नं. ५ मा ATM को व्यवस्था छैन । पालिकाको तालिममा दोहोरोपना छ ।

३. सुस्त तथा न्यून मनस्थितिका विद्याथिलाई केही गर्न सकिन्छ की ?

४. बालबिवाह विरुद्ध कार्यक्रम संचालन गर्ने ।

## १९. रामेश्वरी सिंह

१. महिलाहरूको लागि आयआर्जन मुखि बनाउने तालिम व्यवस्थापन गर्ने, फर्सीटिकर सामुदायिक सिप विकास केन्द्रको हल तथा कार्यालय व्यवस्थापन गर्नुपर्ने ।

२. जग्गाको व्यवस्थापन गर्ने र आत्मनिर्भर बनाउने गरी काम गर्ने ।

३. शिक्षालाई व्यवहारिक बनाउदै खानेपानी जडानको लागि आग्रह गर्ने ।

४. स्वास्थ्य संस्थाहरूमा सुविधा दिने र सरसफाई को व्यवस्थापन गर्ने ।

## २०. जय शंकर पाठक

१. लक्षित समुह सुत्केरी लगायतको लागि आवश्यक सामग्री खरीद गरि वितरण  गर्ने ।

२. गिट्टी, बालुवा उत्खनन्मा दवावमा समस्या छ । आगामी दिनमा त्यहीका स्थानीयलाई रोजगारी दिएर अगाडि बढ्ने ।

३. विद्यार्थी घट्ने दर बढि भएकाले व्यवस्थित गर्ने ।

## २१. लेख बहादुर खत्री, सहकारी संजाल अध्यक्ष

१. सहकारीको लागि व्यवस्थित र अनुगमन गर्ने बजेट व्यवस्थापन गर्ने ।

२. टोल विकास संस्थाहरूलाई विभिन्न कार्यक्रम गर्न आवश्यक सामाग्री खरीद गरी अगाडि बढ्ने व्यवस्था मिलाईयोस् ।

## २२. पुण्यराम गौतम

१. नीतिहरू कति लागू भए भएनन् प्रस्तुत गर्नुपर्ने ।

२. उत्पादनमा आधारित अनुदान वितरण गरियोस् तथा प्राङ्गरिक मलको व्यवस्था गर्ने ।

३. सधै कृषिमा कम बजेट छुट्याइन्छ, जल्दो बल्दो समस्या मल मात्रै रहेको छ ।

## २३. सुरज ज्ञवाली

१. युवा जनशक्तिलाई देशमा प्रमोट गर्ने र किसानको जिवनस्तरमा प्रत्यक्ष रुपमा सुधार गर्ने ।

२. छात्रवृत्तिमार्फत अध्ययनको लागि पठाउने र पछि उहाँहरूको सिपलाई यही प्रयोग गर्ने ।

३. प्राविधिक शैक्षिक गुणस्तर ल्याईयोस ।

## २४. किसुन चन्द्र चौधरी (पूर्व गा.पा. अध्यक्ष)

१. समावेशी खालको कुरालाई प्राथमिकता दिनु पर्छ ।

२. स-सानो कुरालाई पनि बढी ध्यान दिनु पर्ने देखिन्छ ।

३. प्रत्यक्ष रुपमा सेवा पुग्ने गरी कार्यक्रमहरू बनाउनु पर्दछ ।

४. CTVT को कुरालाई हामीले आत्मसाथ गर्दै शिक्षालाई सधै अगाडि बढाउनु पर्दछ ।

५. सामाजिक दायित्व अन्तरगत गर्नुपर्ने कामको लागि विभिन्न संघ संस्थालाई पालिकाले सम्झाउने र समन्वय गर्ने गराउने काम गर्नु पर्दछ ।

६. संस्थागत विद्यालयको दायित्वलाई पुरा गराउनु पर्दछ ।

७. नीतिहरूलाई क्रमशः कार्यान्वयन गर्दै लैजाने विषय भएकाले आवश्यक कार्यक्रम र बजेटको तालमेल मिलाएर अगाडि बढ्नुपर्ने हुन्छ ।

**धन्यवाद । जय शुद्धोधन ।**